# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, असोज ४ गते २०४२ साल ( अतिरिक्ताङ्क २७ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट अष्ट्रेलियाको राजकीय भ्रमण र ब्रुनाई, मलेशिया, जापानको अनौपचारिक भ्रमणको साथै भारतको औपचारिक भ्रमण पूरा गरिबक्सी स्वदेश फिरिबक्सँदा २०४२ साल आश्विन ४ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. अष्ट्रेलियाको राजकीय भ्रमण तथा बाटामा पर्ने बैङ्कक, ब्रुनाई, कुचिङ, जापान, ढाका अनि भारतको औपचारिक भ्रमण सकी स्वदेश फर्कंदा हामीलाई हर्ष लागेको छ ।

२. अष्ट्रेलियाको वर्तमान भ्रमणबाट विगत २५ वर्षदेखि शुरू भएको नेपाल र अष्ट्रेलियाबीचको मित्रतामा एउटा नौलो अध्याय थपिएको छ भने अर्कोतिर ब्रुनाई र मलेशियाको कुचिङको हाम्रो बसाइले ती मित्र देशहरूलाई बुझ्ने र सहयोग बढाउँदै जाने आधारहरू प्रदान गरेको छ । जापानस्थित चुकुवा एक्स्पो '८५ को नेपाल राष्ट्रिय दिवस मनाउने सिलसिलामा जापानका सम्राट हिरोहितो लगायत विभिन्न तहमा भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो सम्पर्कबाट नेपाल र जापानबीच रही आएको सुमधुर सम्बन्धलाई फलदायी रूपले विकास गर्दै लान पनि मद्दत पुऱ्याएको छ । साथै बैङ्ककमा थाइल्याण्डका युवराज बजीर-लङ्कर्ण र बङ्गलादेशको ढाकामा राष्ट्रपति जनरल मोहमद एर्शदसंग सौहार्दपूर्ण वातावरणमा आपसी हित र क्षेत्रीय विषयहरूमा भएको वार्तालापबाट पनि हामीलाई खुशी लागेको छ । यसैगरी, हाम्रा छिमेकी मित्रराष्ट्र भारतको नयाँ दिल्लीमा भएको हाम्रो औपचारिक भ्रमणबाट नेपाल-भारतबीचको बढ्दो समझदारी सन्तोषको कारण बनेको छ भने हाम्रो बृहत् सम्बन्ध, सद्भावना र सौहार्दपूर्ण सहयोगका क्षेत्रहरू फलदायी रूपले विकसित हुँदै जानेछन् भन्ने कुरामा हामी आशा राख्दछौं ।

३. वास्तवमा, नेपाल भू-परिवेष्ठित् बाध्यतालाई उछिनेर आफ्ना छरछिमेक मात्र होइन विश्वभरिकै शान्तिप्रिय देशहरूसंग सम्पर्क बढाउँदै आफूलाई हितकर हुने नौला ज्ञान, प्रविधि र सूचनाहरू बटुलेर नेपाली समाजलाई आफ्नै मूल सभ्यता र संस्कृतिको आधारमा सबल, सुदृढ र समृद्धिशाली राष्ट्र बनाउने कुरामा जोड दिन्छ । यस्तै रचनात्मक कुरामा हामी सबैको ध्यान पुगोस् ।

४. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सह्याल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं । त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्र-सेवकलाई पनि ऐन कानूनबमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं । अन्तमा, हाम्रा प्यारा देशवासीले स्वदेशको बृहत् हितलाई हृदयङ्गम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८४